## मिति २०७८/१०/०३ गते बसेको कार्यालय प्रमुखको बैठकले गरेका निर्णयहरु :

१. कार्यालय प्रमुखको अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो ।

२. जिल्लास्थित कार्यालयहरुले आफुसँग सम्बन्धित सरकारी, सार्वजनिक र गुठी जग्गाहरुको मालपोत कार्यालय र नापी कार्यालयको सहयोगमा अभिलेख/ लगत तयार गरी राख्ने र उक्त जग्गाहरुको अतिक्रमण हुन नदिन सम्बन्धित कार्यालयले स्थानीय तह र सम्बद्ध निकायसँग समेत समन्वय गरी आवश्यक संरक्षणको व्यवस्था मिलाउने ।

३. जिल्लास्थित सबै कार्यालय प्रमुखहरुले सार्वजनिक सेवा प्रवाहलाई जनस्वास्थ्यका मापदण्डहरु पालना गरी भिडभाड नहुने गरी सेवा प्रवाहको व्यवस्था मिलाउने र सम्भव भएसम्म अनलाईन मार्फत सेवा प्रवाह गरी सेवाग्राहीको भौतिक रुपमा उपस्थितिलाई घटाउने ।

४. कोभिड संक्रमणको रोकथाम, नियन्त्रण, निदान र उपचारका सन्दर्भमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८/०९/३० गतेको बैठकले गरेको निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।

५. जिल्लामा भएका र गर्नुपर्ने विकास निर्माणका कार्यमा सम्बद्ध निकायका बीच समन्वय र सहजीकरण गर्ने र समयमा नै सम्पन्न गर्नेतर्फ आवश्यक पहल गर्ने ।

२०७८-१०-४
प्रमुख जिल्ला अधिकारी